# ल्याचकी (LATCHKEY) स्कूल अघि र पछि बाल हेरचाह कार्यक्रममा दर्ता

## शैक्षिक सत्र २०२५-२०२६ कालागि

**COLUMBUS**
CITY SCHOOLS

**Latchkey Program**

3700 S. High Street
Columbus, OH 43207
**614-365-5891**

### **दर्ता** गरिने मिति र समय

**सोमबार, मेई १२ तारिकदेखि शुक्रबार, मेई १६** तारिकसम्म हालै ल्याचकी (Latchkey) कार्यक्रममा भर्ना भएका विद्यार्थीहरूकालागि।

**सोमबार, मेई १९** तारिक (बिहान ७ बजेदेखि) **पहिलो** पटक ल्याचकी (Latchkey) कार्यक्रममा भर्ना हुने विद्यार्थीहरूकालागि।

### **दर्ता** लागत

**$३०.००** एक जना बच्चाकालागि
**$४०.००** एउटै घरका दुई वा सोभन्दा बढी बच्चाहरूकालागि

### **साप्ताहिक** लागतहरू

**आधा समय**: बिहान मात्र: **$७०.००** बेलुका मात्र: **$७५.००**
**पूर्ण समय:** बिहान र साँझ: **$९०.००**
* शुल्क कलम्बस सिटी स्कूल्स बोर्डको स्वीकृति विचाराधीनमा छ
**सार्वजनिक रूपमा वित्त पोषित बाल हेरचाहलाई स्वीकार गरिन्छ**
(बाल हेरचाहबारे सूचना प्राप्त गर्न तपाँईले आफ्नो केसवर्करलाई भेट्नुपर्छ।)

### **दर्ताका** विवरणहरू

दर्ता प्रकृया कलम्बस सिटी स्कूल्सको ल्याचकी (Latchkey) पृष्ठमा अनलाइन (मार्फत) गरिन्छ। ल्याचकी (Latchkey) का रिक्त स्थानहरूमा जो पहिला आउँछ उसैलाई पहिला दर्ता गरि सेवा पुर्याइने आधारमा भरिन्छन्। कुनै पनि प्रश्न भए कृपया तपाँईको विद्यार्थीले पढेको स्कूलको ल्याचकी (Latchkey) शिक्षकलाई सम्पर्क गर्नुहोस्।

**नोट (याद रहोस)**: यदि तपाँईको विद्यार्थीले पढेको एलिमेन्ट्री स्कूलमा ल्याचकी (Latchkey) कार्यक्रम छैन भने सि सि एस ट्रान्सपोर्टेसन (यातायात) ले बस रुटहरू प्रदान गर्न सक्छ।

दर्ता शुल्क **अगस्ट १८, २०२५** देखि सि सि एसको वेबसाइटमा रहेको भुक्तानी (पेमेन्ट) लिङ्कस् प्रयोग गरेर अनलाइन मार्फत भुक्तानी गर्न सकिन्छ। चेक वा मनी अर्डरमार्फत भुक्तानी गर्नु परेमा कलम्बस शिक्षा केन्द्र (कलम्बस एजुकेसन सेन्टर – २७० ई. स्टेट सेन्ट, कलम्बस, ओहायो बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म खुला रहन्छ, दिउँसो १२ बजेदेखि १२:३० बजेसम्म खाजाकालागि बन्द हुन्छ)। सबै भुक्तानीहरू उपस्थितिको पहिलो दिन अघिनै प्राप्त गरिनुपर्छ।

